annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १८ पृष्ठ ८ | काठमाडौं, आइतबार ४ जेठ २०८२ | जेष्ठ कृष्णपक्ष षष्ठी नेपाल संवत् ११४५ | SUNDAY, MAY 18, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी


# गाउँका सिंहदरबार, आर्थिक बेथितिमा अग्रसर

जनताको घर दैलोको सरकार हो स्थानीय तह । नागरिकले धेरै आशा पनि यही सरकारसँग गर्छन् । तर, यो सरकार पनि बेथितिको चाङबाट अछुतो छैन । निर्वाचित जनप्रतिनिधि र कर्मचारीले पालिकामा आएको बजेटलाई मनलाग्दी खर्च गरेका छन् । भर्खरै सार्वजनिक भएको महालेखा परीक्षकको ६२औं वार्षिक प्रतिवेदनले स्थानीय सरकारमा बग्रेल्ती बेथिति औंल्याएको छ । मनलाग्दी बजेट बाँड्नेदेखि त्यसलाई कार्यान्वयन गर्ने चरणमा जनप्रतिनिधि र कर्मचारीको गहिरो मिलोमतो देखिएको छ ।

**केशरराज क्षेत्री** | *बुटवल*

**– को रिपोर्ट**

समाचार पृष्ठ २




## मलेपले केलाएका बेथिति ?

- १३५ पालिकाले दिए नाफामूलक संस्थालाई १५ करोड अनुदान
- ३१५ पालिकामा अबन्डा बजेट
- ६ अर्ब ५९ करोड ३ लाख ८१ अबन्डामै खर्च
- १५२ पालिकामा कानुनविपरीत स्वकीय र सल्लाहकार
- ८ करोड १२ लाख ३८ स्वकीय र सल्लाहकारलाई भुक्तानी
- ६२ पालिकाद्वारा गैससलाई ८९ करोड बिना प्रतिस्पर्धा बजेट
- ४२३ पालिकाद्वारा २ अर्ब किसानलाई अनुदान, अनुगमन शून्य
- ६३९ पालिकामा विविधमै २ अर्ब बजेट, मनलाग्दी बाँडफाँट
- ३२९ पालिकामा खाजा र खानामै ९३ करोड खर्च
- १८१ पालिकामा सभा चलाउन २१ करोड खर्च
- ५७६ पालिकाले बाँडे १ अर्ब चन्दा र पुरस्कार
- ३७६ वटा पालिकाबाट सवारी मर्मतमा १ अर्ब खर्च
- ४१६ वटा पालिकाबाट इन्धनमा २ अर्ब खर्च
- ४५ पालिकाले किने ३५ करोडका चारपांग्रे सवारी
- ७७ पालिकाले किने ९ करोडको दुइपांग्रे सवारी
- ११८ पालिकामा नाम उपभोक्ताको काम ठेकेदारको
- धेरै बेरुजु मधेसमा, कम लुम्बिनीका पालिकामा

# बर्सेनि ऋणको बोझ

**ममता थापा** | *काठमाडौं*

मुलुकमा सार्वजनिक ऋणको आकार बढेसँगै व्ययभार पनि बोझिलो हुँदै गएको छ। बर्सेनि ऋण र तिर्नुपर्ने साँवा तथा ब्याजको दायित्व थपिँदै गएको छ। नेपालले बहुपक्षीय र द्विपक्षीय ऋण गरी १२ खर्ब ५३ अर्बमाथि वैदेशिक ऋण लिइसकेको छ।

बहुपक्षीय ऋण मात्रै ११ खर्ब १५ अर्ब पुगेको छ। एसियाली विकास बैंक, युरोपियन इकोनोमिक काउन्सिल, युरोपियन इन्भेस्टमेन्ट बैंक एसियन इन्फ्रास्ट्रक्चर बैंक, अन्तर्राष्ट्रिय विकास संस्था (आईडीआई), अन्तर्राष्ट्रिय कृषि विकास कोष, अन्तर्राष्ट्रिय मुद्रा कोष, नर्डिक विकास कोष र अन्तर्राष्ट्रिय विकासका लागि आर्थिक कोषबाट ऋण लिइएको छ। यस्तै, नेपालले अन्य मुलुकबाट लिएको द्विपक्षीय ऋणको आकार १ खर्ब ३८ अर्ब ११ करोड हाराहारी छ। यस्तो ऋण बेल्जियम, चीन, फ्रान्स, भारत, जापान, दक्षिण कोरिया, कुवेती कोष र साउदी कोषबाट लिएको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको गत आर्थिक वर्षसम्मको वार्षिक तथ्यांकलाई आधारमान्दा नेपालले तिर्न बाँकी ऋण २४ खर्ब ३४ अर्ब ९ करोड ९९ लाख रुपैयाँ पुगेको छ। कुल ऋणमध्ये बाह्य ऋण १२ खर्ब ५३ अर्ब १९ करोड रुपैयाँ र आन्तरिक ऋण ११ खर्ब ८० अर्ब ९० अर्ब रुपैयाँ छ। अघिल्लो आर्थिक वर्षको तुलनामा, कुल ऋण ५.७५ प्रतिशतले बढेको छ। आर्थिक वर्ष २०८०/८१ मा १३२.५ अर्ब रुपैयाँ ऋण थपिएको छ।

अघिल्लो आव ०७९/८० सम्म कुल तिर्न बाँकी ऋण २२ खर्ब ९९ अर्ब ३५ करोड २४ लाख रुपैयाँ थियो। सोमध्ये बाह्य ऋण ११ खर्ब ७० अर्ब २४ करोड ८७ लाख रुपैयाँ र आन्तरिक ऋण ११ खर्ब २ ९ अर्ब १० करोड ३७ लाख थियो।

विनिमय दर उतारचढावका कारण कालान्तरमा बाह्य ऋण महँगो पर्ने जोखिम छ। यसैले विनिमय दरका कारण ऋण परिचालनमा परेको नोक्सानीलाई न्यूनीकरण गर्ने उपायहरूको अवलम्बन गर्न महालेखा परीक्षकको कार्यालयको ६२औं प्रतिवेदनले सुझाव दिएको छ। सरकारले लिएको त्यस्ता ऋण परिचालनमा पुँजी निर्माण नहुने तथा चालु प्रकृतिका कार्यमा खर्च नभएको भन्दै ऋण उपयोगमा सुधार गर्न महालेखाले सुझाव दिएको छ।

सरकारले देशभित्र आवश्यक स्रोत पूर्तिका लागि वैदेशिक सहायता लिने गर्छ। सम्पूर्ण वैदेशिक सहयोग विकास सहायता नीति, २०७६ अनुसार परिचालन गरिन्छ। त्यस्ता सहायता एकल परियोजना, कार्यक्रम सहयोग वा वस्तुगत सहयोगका रूपमा प्रयोग गरिन्छ। सबै प्रकारका सहायताका लागि सरकार र सम्बन्धित विकास साझेदारहरूबीच औपचारिक सम्झौता हुन्छ।

अर्थ मन्त्रालय विकास साझेदारहरूसँग समन्वय गर्ने एक मात्र सम्पर्क निकाय हो। संविधानको धारा ५९ (६) ले समष्टिगत आर्थिक स्थायित्व हुने गरी वैदेशिक सहायता लिने अधिकार सरकारलाई दिएको छ। नेपालले पहिलो पटक अमेरिकाबाट दूरसञ्चारको विकासका लागि सहायता लिएको थियो। यसको विस्तार पहिलो पञ्चवर्षीय योजनादेखि भयो। विश्व बैंक, एसियाली विकास बैंकबाट बहुपक्षीय ऋण र अनुदान प्राप्त हुँदै आएको थियो।

**सार्वजनिक ऋण व्यवस्थापनका लागि महालेखाका सुझाव**

- विनिमय दरका कारण ऋण परिचालनमा परेको नोक्सानीलाई न्यूनीकरण गर्ने उपायहरूको अवलम्बन गर्नुपर्छ।
- लागत, प्राप्त हुने उपलब्धि, जोखिम र फिर्ता गर्ने क्षमता विश्लेषण गरी वैदेशिक सहायता लिनुपर्छ।

बाँकी पृष्ठ ८

## कुन देश तथा बहुपक्षीय दातृ निकायबाट कति ऋण ?

| विवरण | २०८०।८१ सम्म |
|---|---|
| कुल वैदेशिक ऋण | १२५३१९८० |
| कुल बहुपक्षीय ऋण | १११५०८७२ |
| एसियाली विकास बैंक | ४०६०८७९ |
| युरोपियन इकोनोमिक काउन्सिल | १५९६ |
| युरोपियन इन्भेस्टमेन्ट बैंक | १२१००१ |
| एसियन इन्फ्रास्ट्रक्चर बैंक | १६३८२ |
| अन्तर्राष्ट्रिय विकास संस्था (आईडीआई) | ६१२३३४३ |
| अन्तर्राष्ट्रिय कृषि विकास कोष | १०५९९५ |
| अन्तर्राष्ट्रिय मुद्रा कोष | ६३२७८० |
| नर्डिक विकास कोष | १७७०५ |
| अन्तर्राष्ट्रिय विकासका लागि आर्थिक कोष | ७११९१ |
| कुल द्विपक्षीय ऋण | १३८११०८ |
| बेल्जियम | ४९२६ |
| चीन | ३५२९३४ |
| फ्रान्स | १०१७४ |
| भारत | ४०४९७२ |
| जापान | ५०८८९५ |
| दक्षिण कोरिया | ५०१०८ |
| कुवेती कोष | १८३४१ |
| साउदी कोष | ३०७५८ |
| कुल आन्तरिक ऋण | ११८०९०१९ |
| ट्रेजरी बिल | ४०३६९२३ |
| विकास ऋणपत्र | ७६१९४७० |
| नागरिक बचतपत्र | १११२०० |
| वैदेशिक रोजगार बचतपत्र | २२७१ |
| अन्तर्राष्ट्रिय मुद्रा कोष बण्ड | ३९१५५ |
| कुल जम्मा | २४३४०९९९ |

